**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १५ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुलाई अल्जेरियाको एक विश्वविद्यालयले राजनीतिशास्त्रमा मानाद विद्यावारिधिको उपाधि प्रदान गरेको छ।
२. निर्वाचन आयोगले महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको मिति घोषणा गरेको छ।
३. कोलकाता लगायत राज्यको बिभिन्न स्थानहरुमा भव्य रूपमा दुर्गा पुजा कार्निबल आयोजित गरियो।
४. श्रमिकहरूले केवल १० प्रतिशत मात्र बोनस दिएको विरोधमा चलिरहेको अनशनबीचमा मालिक पक्षले बन्दको सूचना टाँसेपछी आजदेखि लङ्भ्यु चियाबारी बन्द भएको छ।
५. गोरखहरुको महान चाड दसैँको चहलपहल जारी रहेको छ।

**राष्ट्रपति.अल्जीरिया दौरा**

राष्ट्रपति द्रौपदी मुर्मुलाई अल्जेरियाको अल्जियर्सस्थित सिदी अब्देलाह पोल युनिभर्सिटी अफ प्रौद्योगिकी पोले विश्वविद्यालयले राजनीतिशास्त्रमा मानार्थ विद्यावारिधिको उपाधि प्रदान गरेको छ। अल्जेरियाका उच्च शिक्षा तथा वैज्ञानिक अनुसन्धान मन्त्री कमल बद्रीले राष्ट्रपतिलाई उक्त उपाधि प्रदान गर्नुभएको थियो। यस अवसरमा बोल्दै राष्ट्रपति मुर्मूले यो डाक्टरेट डिग्री देशको लागि सम्मान रहेको बताउनु भयो भने भारत परापूर्वकालदेखि नै समृद्धि र शान्तिको पक्षमा उभिएको बताउनु भयो। यसका साथै उहाँले शिक्षाले असमानतालाई कम गर्ने र सबैका लागि समान अवसरलाई बढावा दिने बताउदै अल्जेरियाली सरकारए उच्च शिक्षा विभाग र विद्यार्थीहरूलाई भारतमा आईटीईसी कार्यक्रम र अन्य छात्रवृत्ति कार्यक्रमहरूको फाइदा लिन आग्रह गर्नुभयो।

****** ० ******

**पीएम - दूरसंचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्सको नैतिक प्रयोगका लागि आह्वान गर्दै सुरक्षाए सम्मान र समानतालाई सबै छलफलको केन्द्रमा राख्नुपर्नेमा जोड दिनुभएको छ। नयाँ दिल्लीस्थित भारत मान्डपममा आयोजित अन्तर्राष्ट्रिय दूरसंचार संघ-आईटीयूको विश्व दूरसंचार मानकीकरण सभा २०२४ को उद्घाटन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले डब्लुटीएसएको उद्देश्य विश्वव्यापी मापदण्डतर्फ काम गर्नु रहेको र सेवा क्षेत्रमा मोबाइल कंग्रेसको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको छ। प्रधानमन्त्री मोदीले भन्नुभयोए ष्भारत अहिले दूरसंचार र सम्बन्धित प्रविधिको क्षेत्रमा विश्वको सबैभन्दा सक्रिय देश हो। यसका साथै उहाँले भारतमा १२० करोड मानिससँग मोबाइलए ९५ करोड इन्टरनेट र विश्वको ४० प्रतिशतभन्दा अधिक डिजिटल कारोबार भारतमा हुने गरेको बताउनु भयो। उहाँले अझ भन्नुभयो भारतले डिजिटल कनेक्टिभिटीलाई अन्तिम माइल डेलिभरीको लागि एक प्रभावकारी माध्यम बनाएको छ।

****** ० ******

**आयोग चुनाव कार्यक्रम**

निर्वाचन आयोगले महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको मिति घोषणा गरेको छ। महाराष्ट्र विधानसभा चुनाव २० नवंबरमा एकै चरणमा तथा झारखण्ड विधानसभाको चुनाव नोभेम्बर १३ र २० मा दुई चरणमा हुनेछ। दुवै राज्यको मतगणना नोभेम्बर २३ मा हुनेछ। मुख्य निर्वाचन आयुक्त राजीव कुमारले नयाँ दिल्लीमा निर्वाचनको मिति घोषणा गर्नुभयो। २८८ सदस्यीय महाराष्ट्र विधानसभाको लागि अधिसूचना २२ अक्टूबरमा तथा झारखंडमा पहिलो चरणको चुनाउको अधिसुचना 18 अक्तूबरमा जारी हुनेछ। निर्वाचनको मिति घोषणासँगै दुवै राज्यमा आचारसंहिता लागू भएको छ। यसका साथै निर्वाचन आयोगले केही विधानसभाका सिट र लोकसभाका दुई सिटका लागि हुने उपचुनाव कार्यतालिका पनि घोषणा गरेको छ। विभिन्न राज्यका ४७ विधानसभा सीट र

वायनाड लोकसभा सीटका लागि १३ नोभेम्बरमा उपचुनाव हुँदैछ । उत्तराखण्डको एक विधानसभा सीट र महाराष्ट्रको नान्देड लोकसभा सीटमा नोभेम्बर २० मा उपचुनाव हुँदैछ ।

****** ० ******

## दुर्गा पुजा कार्निबल

कोलकाताको रेड रोडमा आज भव्य रूपमा दुर्गा पुजा कार्निबल आयोजित गरियो। कार्यक्रममा मुख्यमन्त्री ममता ब्यानर्जी उहाँको मन्त्रीमण्डलका मन्त्रीहरुए बिदेशी दुताबासका प्रतिनिधिहरु सहित कयौं गन्यमान्य ब्याक्तीहरुको उपस्थिति रहेको थियो।भब्य रूपमा आयोजित कार्निभलमा कोलकाता क्षेत्रका ९० भन्दा अधिक दुर्गा पुजा कल्बहरुले सहभागिता जनाएका थिए भने रेड रोड अनि फोर्ड विलियम कर्सिङमा विभिन्न लरीहरुमा सजाएर कतारबद्द रूपमा राखिएको थिए। लगभग तीस हजार मानिसहरुले सहभागिता जनाएको कार्यक्रममा उपस्थिति पुजा कल्बहरु रगबिरङी भेषभुषामा सास्कृतिक झलकहरु प्रस्तुत गरेका थिए। सहभागी पुजा क्लबहरुमा चेतला अग्रगामीए बेहला नतुनदलए शिमला व्यायम समितिए कालीघाट मिनोत्री सघए बालिग्राम सास्कृतिक सघ प्रमुख रहेको थियो। यसैबीच कार्यक्रमलाई सुसस्जित तथा व्यस्थित बनाउन कोलकाता पुलिसले झण्डै पच्चीस सय सुरक्षा कर्मीहरु तैनाथ गरेको थियो भने कार्निभल पछि प्रतिमाहरुलाई हुगली नदीमा बिसर्जन गरिनेछ। यसैगरी हिजो पच्छीम बर्धवानको ३१ पुजा कल्बहरुले आसानसोलमा तथा सिलिगुडीका विभिन्न पुजा कल्बहरु हिल कार्ड रोड आयोजित कार्निभलमा सहभागिता जनाएका थिए। यसैगरी यता कालेबुङका १३ दुर्गा पुजा कल्बहरुले कार्निभलमा सहभागिता जनाएका थिए। अर्कोतिर आरजीकर घटनाको बिरोध तथा पिडिताको मागमा आन्दोलित जुनियर डाक्टरहरुले रानी रासमोनी एभेन्युमा बिरोध प्रदर्शन गरेका छन । यसैबीच राज्यका मुख्य सचीव मनोज पन्तले आन्दोलित डाक्टरहरुसग बिरोध गर्नुको साटो बैठकद्वारा समस्याको समाधान खोज्ने अनुरोध गर्नुभयो।

****** ० ******

## कोलकाता बस

पश्चिम बंगाल सरकारले वर्ष २००० सम्म चल्ने अन्तिम डबल डेकर बसलाई संरक्षित गरी संग्रहालयमा राख्ने निर्णय लिएको छ। कोलकाताका धेरै मार्गहरूमा ट्राम र डबल डेकर बस चलाईन्थ्यो। वर्ष १९२६ देखि शुरू गरिएका डबल डेकर बसाक`संख्या १९८५ सम्म ३५० पुगेको थियो। पछि सड़कहरूमा वाहनहरूको जाम तथा यात्रीहरूको दवाबले गर्दा २० हजार सालमा डबल डेकर बस साथै ट्राम सेवा पूर्ण रूपले बन्द गरिएको थियो। राज्य सरकारले डबल डेकर बसहरूलाई क्रमशः स्क्रयापमा बिक्री गर्न थालेको थियो। राज्य सरकारको परिवहन मंत्रालयले यस्तो अन्तिम डबल डेकर बसलाई स्क्रयाप मा बेच्ने निर्णयलाई रद्ध गर्दै यसलाई संग्रहालयमा राख्ने निर्णय लिएको छ।

****** ० ******

## लङ्भ्यु

श्रमिकहरूले केवल १० प्रतिशत मात्र बोनस दिएको विरोधमा चलिरहेको अनशनबीचमा मालिक पक्षले आज लङ्भ्यु चियाबारी बन्दको सूचना टाँसेकोले आजदेखि लङ्भ्यु चियाबारी बन्द भएको छ। लङ्भ्यू चियाबारीमा मालिक पक्षबाट बगान निलम्बनको सूचना (ससपेन्सन नोटिस) टाँसेको छ। उक्त नोटिसमा बारम्बार चिया बगानमा घेराऊ, धम्की, काम नगर्ने वा आंशिक कार्य गर्ने तथा गेट मिटिङ गरेर दैनिक व्यवस्थापन कार्यमा युनियनको हस्तक्षेप लगायतका घटनाहरूको उल्लेख गर्दै अनुशासनहीन कार्य गरेको भनी जनाइएको छ। विशेषगरी यहाँ एउटा श्रमिक संगठन हिल प्लान्टेशन इम्प्लोइज युनियनका दुइ प्रतिनिधिहरू लगायत स्थानीय प्रतिनिधिहरूले गत २१ अक्टोबर २०२४ देखि लगातार रूपमा आन्दोलन अनि घेराऊ शुरु गरेको र यस्तो अवस्थामा व्यवस्थापनले बगान स्तरका सबै गतिविधि स्थगित गर्ने निर्णय गरेको जनाउँदै अघिल्लो सूचना नआएसम्म बगान बन्द गर्ने निर्णय लिएको बताइएको छ। यसै विषयलाई लिएर आज कार्यालय अघि आज केहीबेर तनावको स्थिति पनि देखियो। विशेष गरी यहाँका सबै राजनैतिक पार्टीहरूका श्रमिक संगठनको एउटा साझा मञ्चले आरोप लगाए अनुसार लङ्भ्यूमा श्रमिकहरूलाई कसैको सर-सल्लाह नगरी एचपीइयुले अचानक यसरी भोक हड्ताल राखेको हुँदा यस्तो स्थिति सृजना भएको भन्दै अब यसको जिम्मेवार कसले लिने भनी प्रश्न गरेका छन्। यसै विषयहरूलाई लिएर यहाँ केहीबेर चर्को तर्कातर्की पनि भयो। पछिबाट यसबारे दुवै पक्षका प्रतिनिधिहरूले बगान बन्दबारे आ-आफ्नो प्रतिक्रियाहरू व्यक्त गरेका छन्। मालिक पक्षले बगान बन्दको नोटिस टाँसेपछि तनावपूर्ण स्थितिमाझ विभिन्न राजनैतिक पार्टीहरूका प्रतिनिधिहरू र ट्रेड युनियन प्रतिनिधिहरू उपस्थित रहेका थिए।

ज्ञात रहोस केही दिन अघि सांसद राजु विष्टले राज्यका मुख्यमंत्री ममता व्यानर्जीलोई यस क्षेत्रका चियाबगान अनि यहाँका श्रमिकहरूलाई सहयोग पुऱ्याउन साथै हालैको अवस्थामाथि हस्तक्षेपका निम्ति पत्राचार गर्नुभएको छ। साथै सांसद विष्टले पानीघट्टा चिया बगान, धोत्रे, रूङमूक सिर्डस, मुण्डाकोठी, अम्बोटिया, चुङथुङ, नागरी, पाण्दम अनि क्रमैले पेशोक र सिंगताम जस्ता चियाबगानहरू बन्द रहेको पत्रमा उल्लेख गर्नुभएको छ। उहाँले बोनस तथा अन्य पाउने भत्ता र सुविधाहरू प्राप्त गर्न नसक्दा श्रमिकवर्ग तनावले ग्रासित भएको पनि पत्रमा उल्लेख गर्नुभएको छ भने लंगभिउ अनि रिङटंग चिया बगानलका श्रमिकहरू आफूहरूले तोकिएको बोनस नपाउँदा दूर्गा पूजा अवधि रिले अनशनमा बसेको र यो अनशन अहिले पनि जारी रहेको  अनि यस्तो अवस्थामा पश्चिम बंगाल श्रम विभागका एकैजना अधिकारी पनि श्रमिकहरूको समस्या बुझ्न अनशन स्थलमा नपुगेको कुराहरू पत्रमा श्री विष्टले उल्लेख गर्नुभएको छ। साथै शीघ्र समस्याको समाधान नगरे सम्पूर्ण उत्तर बंगाल क्षेत्रमा कानून र व्यवस्था बिग्रने आशंका पनि मुख्यमंत्रीलाई पठाईएको पत्रमा सांसद विष्टले उल्लेख गर्नुभएको छ।

****** ० ******

**<u>सिलगढ़ी</u>**

डाक्टरहरूको हड़तालको कारणले उत्तर बंगाल मेडिकल कलेज एवं अस्पताल (एनबीएमसीएच)परिसरमा आज बिहानदेखिकै रोगीहरूको भीड़ लागेको थियो । तर कतिपय विभागहरूमा डाक्टर नभएको कारणले रोगी तथा उनीहरूका परिवारले व्यापक कोहोलो मच्चाए। यसैबीच रोगीका परिवारहरूले सुरक्षा गार्डहरूमाथि कुटपिट गरेको आरोप पनि लागेको छ। वास्तवमा आर.जी. कर घटनाको कारणले राज्यको स्वास्थ्य सेवा पूर्ण रूपमा प्रभावित बन्न पुगेको छ। बताइँन्छए बिहानदेखि नै  एनबीएमसीएचमा कैयौं रोगीहरू र रोगीका परिवारहरू उपचारको निम्ति आइरहेका छन्। विशेष गरेर न्यूरो र मनोविज्ञान विभागमा रोगीहरूको भीड़ अत्यधिक  थियो। भने झैँ डाक्टरहरू उपलब्ध नरहँदा रोगीका परिवारहरू आक्रोशित भए जसमा सुरक्षा गार्डसित उनीहरूको हातापाया  भयो । घटनाको सूचना पाएर घटनास्थलमा पुगेको पुलिसले स्थितिलाई नियन्त्रण गऱ्यो। यस अवधि पुलिसले दुई महिला सहित तीनजनालाई हिरासतमा लिएको छ ।

****** ० ******